सुदूरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली, नेपाल

**<u>सम्बत् २०७९ साल माघ २७ गते बसेको सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को १५० औं वैठकले गरेको निर्णय-</u>**

१.नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका क्रममा जीवन उत्सर्ग गर्नुहुने शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्ने।

२. सुदूरपश्चिम प्रदेश भित्र फैलिरहेको लागूऔषध प्रयोगकर्ता र यसको कारण आम आभिभावक र समाजमा नै परेको आर्थिक तथा सामाजिक असर न्यूनीकरण गर्न लागू औषध प्रयोगकर्ताको उपचार तथा पुनस्थापना केन्द्र स्थापना गर्ने। सोका लागि आवश्यक प्रक्रिया आन्तरिक मामिला तथा कानून मन्त्रालयले सम्बन्धित निकायको समन्वयमा अघि बढाउने ।

३. जिल्लाको विशिष्ट कृषि, वन, तथा खनिजजन्य कच्चा पदार्थको उपलब्धताको आधारमा प्रत्येक जिल्लामा कम्तिमा एक एक वटा प्रशोधन उद्योग स्थापना गर्ने सम्बन्धमा अध्ययन गरी ३५ दिन भित्र प्रतिवेदन पेश गर्न आर्थिक मामिला मन्त्रालयका सचिवको संयोजकत्वमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सचिव, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल महिला उद्यमी महासंघ, सुदूरपश्चिम प्रदेशका प्रमुख वा प्रतिनिधि सदस्य रहने गरी एक अध्ययन कार्यदल गठन गर्ने।

४. सुदूरपश्चिम प्रदेशका यस अघिका माननीय मुख्यमन्त्री एवं मन्त्रिपरिषद् सदस्यज्यूहरुलाई धन्यवाद ज्ञापन गर्ने।